बैठक संख्या: ७३
मिति: २०७९।०७।३१
समय: बिहान ८:०० बजे
स्थान: थकाली भिस्ट्रो, लुक्ला

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा ७३ औं कार्यपालिकाको बैठक आज मिति २०७९।०७।३१ सोमबारका दिन बिहान ८:०० बजे देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री ङिमा याङजिन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | मोहन प्रसाद चापागाईं | |
| १५ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| १६ | सव ईञ्जिनियर | ऋषिराज कुमार राम | |
| १७ | सव ईञ्जिनियर | दिपकुमार बस्नेत | |
| १८ | प्रशासनिक कर्मचारी | छत्रबहादुर खड्का | |
| १९ | असिष्टेण्ट सव ईञ्जिनियर | पासाङडोमा शेर्पा | |

**निर्णयहरु**

**<u>निर्णय नं. १</u>**

७२ औं बैठकको निर्णय कार्यान्वयनको अवस्था समीक्षा गरियो ।

**<u>निर्णय नं. २</u>**

विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोहण भएको ७० औं वर्षको अवसर पारेर २०२३ मे मा Everest Platinum Jubilee मनाउन देहाय अनुसारको Everest Platinum Jubilee मूल समारोह समिति गठन गर्ने र उक्त समितिले तय गरेको कार्यक्रमको आधारमा भव्य र सभ्य Everest Platinum Jubilee मनाउने ।

मूल समारोह समिति

| | | |
|---|---|---|
| क. | अध्यक्ष, खुम्बु पासाङल्हामु गाउँपालिका | संयोजक |
| ख. | कार्यपालिकाका सदस्यहरु, खुम्बु पासाङल्हामु गाउँपालिका | सदस्य |
| ग. | अध्यक्ष, हिमालयन ट्रष्ट नेपाल | सदस्य |
| घ. | अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |
| ङ. | प्रतिनिधि, नेपाल पर्यटन विभाग | सदस्य |
| च. | प्रमुख संरक्षण अधिकृत, सगरमाथा राष्ट्रिय निकुञ्ज | सदस्य |
| छ. | अध्यक्ष, स. रा. नि. मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति | सदस्य |
| ज. | प्रमुख प्रशासकीय अधिकृत, खुम्बु पासाङल्हामु गाउँपालिका | सदस्य- सचिव |

**<u>निर्णय नं. ३</u>**

राष्ट्रिय विभूति पासाङल्हामु शेर्पाको ३० औं स्मृति दिवस पासाङल्हामु फाउण्डेशनसँग समन्वय गरी राष्ट्रिय विभूति पासाङल्हामु शेर्पा स्मृति कप भलिबल प्रतियोगिता, पासाङल्हामु हिमाल प्रबर्द्धन लगायत अन्य कार्यक्रमहरुको आयोजना गरी भव्य रुपमा मनाउने र सो को समन्वय गर्न वडा नं. २ का वडाध्यक्षलाई जिम्मेवारी तोक्ने । साथै महिलाहरु आरोहीद्वारा पासाङल्हामु हिमाल आरोहण गर्न पासाङल्हामु हिमाल प्रबर्द्धन कार्यक्रम सम्मानित दोस्रो गाउँ सभाको १२ औं अधिवेशनमा पेश गर्ने ।

**<u>निर्णय नं. ४</u>**

दोस्रो गाउँ सभाको ११ औं अधिवेशनबाट स्वीकृत समपूरक कोषबाट देहायका योजनाहरु कार्यान्वयन गर्न समपूरक लगानी गर्ने ।

| क्र.सं. | योजनाको नाम | गाउँपालिकाको लागत सहभागिता | योजना निर्माण गर्ने संस्था |
|---|---|---|---|
| १ | महेन्द्रज्योति माध्यमिक विद्यालयको किचेन निर्माण | १५,००,०००.०० | AF Nepal |
| २ | चोलापास आकस्मिक शेल्टर निर्माण | ५,००,०००.०० | नेपाल पर्वतारोहण संघ |
| जम्मा | | २०,००,०००.०० | |

**<u>निर्णय नं. ५</u>**

भूउपयोग ऐन, २०७६ को दफा ४ मा भएको भूउपयोग क्षेत्र वर्गीकरण अनुसार यस गाउँपालिका क्षेत्र भित्रको भूउपयोग क्षेत्रमा वर्गीकरण गर्न सबै वडा समितिले कार्यालयले सम्झौता गरेको परामर्शदातालाई आवश्यक सहयोग तथा सहकार्य र समन्वय गर्न पत्रचार गर्ने ।

**निर्णय नं. ६**

यस गाउँपालिकामा अवस्थित छ्यो यु (८२०१ मिटर) हिमालको आरोहण नर्थ कोलबाट (चिनको भूभागबाट) मात्र हुँदै आएकोमा नेपाल तर्फको भूमिबाट छ्यो यु (८२०१ मिटर) हिमालको आरोहणको रुट निर्माण गर्न सकेको खण्डमा पर्यटन व्यवसाय तथा आरोहणबाट आर्थिक बृद्धि हुने भएकाले कार्यालयले मिति २०६९।०६।०७ गते पायोनियर एडभेञ्चर सगरमाथा चोक बुढानिलकण्ठ काठमाण्डौसँग गरेको सम्झौता अनुमोदन गर्ने ।

**निर्णय नं. ७**

यस गाउँपालिकाको लेखा स्रेष्ताको विभिन्न आर्थिक वर्षमा महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुँदा औंल्याईएका बेरुजुहरुको सम्परीक्षण भई बेरुजुको आयतन कम गर्न सम्बद्ध सबै पक्षलाई पत्रचार गर्ने ।

**निर्णय नं. ८**

चालु आर्थिक वर्ष २०७९/०८० बाट यस गाउँपालिकाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु टोल विकास संस्थाबाट कार्यान्वयन हुने हुँदा टोल विकास संस्थाबाट खरिद प्रक्रिया कार्यान्वयन हुँदा सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली, २०६५ अनुसार कोटेशन माग गरी कार्यान्वयन गर्न पत्रचार गर्ने ।

**निर्णय नं. ९**

शिक्षा नियमावली, २०७९ को नियम २९ अनुसार यस गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गर्न सम्बन्धित विद्यालय रहेका वडाका कार्यपालिका सदस्य र वडा सचिवलाई परिचालन गर्ने ।

**निर्णय नं. १०**

आवासीय छात्रावृत्ति प्रदान गर्नका लागि छात्राबास/भाडामा बसी अध्ययन गर्ने छात्र छात्राहरुको आवेदन माग गर्न सबै सामुदायिक विद्यालयहरुलाई पत्रचार गर्ने र सो को जिम्मेवार शिक्षा शाखालाई तोक्ने ।

**निर्णय नं. ११**

देहायका कार्यक्रमहरु परामर्शदाता हायर गरी यथाशिघ्र कार्यान्वयन गर्ने ।

क. स्थानीय पाठ्यक्रम निर्माण

ख. दशवर्षे शैक्षिक गुरुयोजना

ग. आवधिक गाउँपालिका विकास योजना

**निर्णय नं. १२**

सन् २०१४ को सगरमाथा हिमाल आरोहणमा बेपत्ता भएका खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ५ निवासी तेञ्जिङ छोतार शेर्पाको शव भेटिएको हुँदा निजको काजक्रिया गर्न रु ५०,०००.०० अक्षेरेपी रु पचास हजार मात्र निजको परिवारलाई उपलब्ध गराउने ।

**निर्णय नं. १३**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनका सूचक अनुसारका आवश्यक कागजात तथा प्रमाण पुऱ्याई समयमै मूल्याङ्कन कार्य सम्पन्न गर्न देहाय अनुसारको कार्यदल गठन गर्ने ।

सुशासन तथा संस्थागत विकास समितिका संयोजक —संयोजक

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

सबै शाखाका शाखा प्रमुखहरु -सदस्य

सूचना प्रविधि विकास अधिकृत -सदस्य-सचिव

**निर्णय नं. १४**

देहायका योजनाहरु कार्यान्वयन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

| क्र.सं. | योजनाको नाम | योजनास्थल | अनुरोध गर्ने निकाय |
|---|---|---|---|
| १ | डिमदोर्जी पर्यटन सडक स्तरोन्नति | खरिखोला- पैंया | १ नं. सरकारको सम्बन्धित निकाय |
| २ | एभरेष्ट पर्यटकीय पदमार्ग | लुक्ला-एभरेष्ट बेस क्याम्प | १ नं. सरकारको सम्बन्धित निकाय |
| ३ | एभरेष्ट प्लाटिनम जुबिली | गाउँपालिका स्तरीय | १ नं. सरकारको सम्बन्धित निकाय |
| ४ | धम्म सगर विपश्याना ध्यान केन्द्र भवन निर्माण | वडा नं. २ | १ नं. सरकारको सम्बन्धित निकाय |
| ५ | ठमीछोवा खेल मैदान | वडा नं. ५ | युवा तथा खेलकूद मन्त्रालय |
| ६ | बुक्सा गुम्बामा सामुदायिक भवन निर्माण | वडा नं. १ बुक्सा | १ नं. सरकारको सम्बन्धित निकाय |
| ७ | खुम्बु फोहोरमैला व्यवस्थापन | गाउँपालिका स्तरीय | नेपाल सरकारको सम्बन्धित निकाय |
| ८ | बुक्सा आधारभूत विद्यालय भवन निर्माण | वडा नं. १ बुक्सा | नेपाल सरकारको सम्बन्धित निकाय |
| ९ | हाइ अल्टिच्युड स्पोर्ट्स केन्द्र | वडा नं. ४ | नेपाल सरकारको सम्बन्धित निकाय |
| १० | सडक स्तरोन्नतिका लागि एक्साभेटर संख्या १, ब्याक लोडर संख्या १, ट्रिपर संख्या २, रोलर संख्या १ | गाउँपालिका स्तरीय | Chinese Embassy |

**निर्णय नं. १५**

देहायका योजनाहरु कार्यान्वयन गर्न खानेपानी विभागमा अनुरोध गर्ने ।

| क्र.सं. | योजनाको नाम | योजनास्थल |
|---|---|---|
| १ | खरिखोला खानेपानी | वडा नं. १ खरिखोला आसपासका क्षेत्रहरु |
| २ | पैंया खानेपानी | वडा नं. १ पैंया र छेउबास |
| ३ | लुक्ला खानेपानी | वडा नं. २ लुक्लाबजार |
| ४ | खुम्जुङ, पाङबोचे खानेपानी | वडा नं. ४ खुम्जुङ खुन्दे |

**निर्णय नं. १४**

जिल्ला समन्वय समिति सोलुखुम्बु र यस गाउँपालिकाको आर्थिक लगानीमा निर्माणाधीन वडा नं. १, ३ र ४ को वडा कार्यालय भवनको लागत अनुमान तयार हुँदा केही आइटमहरु ट्रष, लाङरी(शेर्पा सँस्कृति झल्कने झ्याल र ढोकाको माथिल्लो भागको बुट्टा), फल सिलिङ, वडा नं. ३ र ४ का लागि डबल फ्रेम चौकट छुट भएको, राष्ट्रिय भवन संहिता, २०७२ अनुसार Bar Bending Schedule तयार गर्दा रडको तौलमा समेत वृद्धि भएको, जिल्ला समन्वय समितिबाट प्राप्त भएको नक्शा शौचालयको Orientation नमिलेको, Stone Masonary को Calculation र Deduction नमिलेका कारण २० प्रतिशतसम्म लागतमा भेरिएशन आएको प्राविधिक भेरिएशन प्रतिवेदनबाट देखिन आएकाले भेरिएशन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिने ।